नेपाल सरकार
# अर्थ मन्त्रालय

नेपाल सरकार
अर्थ मन्त्रालय
सिंहदरबार, काठमाडौं

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
च. नं.:-

## अर्थ मन्त्रालयको अनुरोध

सुशासन, सेवा प्रवाहमा सुधार र भ्रष्टाचारमुक्त नेपालको पवित्र माग सहित मिति २०८२ भाद्र २३ र २४ गते भएको जेन-जी आन्दोलनका क्रममा भएका सहिद परिवारलाई राहत र घाइते व्यक्तिको उपचारका लागि स्वदेश तथा विदेशमा सङ्कलित सहयोग रकम विभिन्न गैर सरकारी संघ संस्थाहरूमा जम्मा भइरहेको जानकारी प्राप्त भएकाले यस मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ। समानान्तर र अपारदर्शी ढङ्गले स्रोतको उपयोग हुन नदिन नेपाल सरकार कटिबद्ध रहेको छ।

नेपाल सरकारले राहत, पुनर्निर्माण र आर्थिक पुनरूत्थानका लागि **भौतिक पूर्वाधार निर्माण कोष** स्थापना गरी सहयोग आव्हान गरेको ब्यहोरा सबैमा विदितै छ। अतः स्वदेश तथा विदेशमा यस प्रयोजनका लागि सङ्कलित रकम दुरूपयोग हुनबाट रोक्न र पारदर्शी तथा जवाफदेही ढङ्गले परिचालन गर्न देहाय अनुसार कोषको आधिकारिक खातामा मात्र रकम जम्मा गर्न गराउन हुन अनुरोध छ।

यस कोषमा जम्मा हुने रकमबाट राहत र पुनर्निर्माणका साथै जेन-जी सहिद तथा घाइते परिवारका प्रतिनिधिहरू समेतको सहभागितामा समुचित उपयोग गरिने ब्यहोरा सम्बन्धित सबैमा जानकारीका लागि अनुरोध छ।

**<u>योगदान रकम जम्मा गर्ने बैङ्क खाताको विवरणः-</u>**

**खाताको नामः-** भौतिक पूर्वाधार पुनर्निर्माण कोष
(PHYSICAL INFRASTRUCTURE RECONSTRUCTION FUND)
**बैङ्कको नामः- राष्ट्रिय वाणिज्य बैङ्क, सिंहदरबार, काठमाडौं।**
**खाता नं.-** 1960100102070004
**SWIFT CODE: RBBANPKA**

**मितिः-** आश्विन १८, २०८२

२०८२।६।१८
सह-सचिव

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, योजना, अनुगमन तथा मू.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य. तथा सं.स.म. ४२११९९३, वि.सं.स.म. ४२११३१६
फ्याक्स नं. ४२१११६४, ४२११३४८ (बजेट म.), ४२१११६५, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेब साईटः www.mof.gov.np